# कर्जा असुली न्यायाधिकरण

नयाँ बानेश्वर, काठमाडौं
स्थापनाः २०८२

पत्र संख्या :२०८३/०८४
चलानी नं : ०६

## सूची दर्ता गर्ने सम्बन्धी सूचना

*(सूचना प्रकाशित मितिः २०८३।०४।१३)*

यस न्यायधिकरणलाई आ.व. २०८३/८४ को लागि आवश्यक पर्न सक्ने निम्नानुसारका सामान एवं सेवाहरु आपूर्ति गर्न इच्छुक इजाजत प्राप्त व्यक्ति, फर्म, कम्पनी एवं संस्थाहरुबाट सार्वजनिक खरिद नियमावली २०६४ को नियम १८ बमोजिम मौजुदा सूची दर्ता गर्नको लागि यो सूचना प्रकाशित गरिएको छ।

<u>आवश्यक सामान तथा सेवाहरुको विवरण:</u>

१. स्टेशनरी तथा कार्यालय प्रयोजनको लागि आवश्यक कार्यालय सामग्री र अन्य विविध फुटकर सामग्रीहरु आपूर्ति सम्बन्धी कार्य,
२. कार्पेट, फर्निचर सप्लाइ तथा मर्मत सम्बन्धी कार्य,
३. छपाई सम्बन्धी कार्य,
४. मोटरसाईकल तथा सोका पार्टपूर्जा आपूर्ति एवं मर्मत सम्बन्धी कार्य,
५. कम्प्युटर, प्रिन्टर, फोटोकपी मेसिन र सो सँग सम्बन्धित सम्पूर्ण सामानको आपूर्ति तथा सो सँग सम्बन्धित सम्पूर्ण परामर्श सेवाहरु,
६. सोलार ब्याट्री, विद्युतीय सामग्री आपूर्ति तथा मर्मत सम्बन्धी कार्य,
७. पत्रपत्रिका तथा पुस्तक आपूर्ति सम्बन्धी कार्य,
८. कार्यालयको कम्पाउण्ड वाल निर्माण तथा कार्यालयको रंगरोगन तथा मर्मतका लागि आवश्यक सामग्री आपूर्ति एवं निर्माण तथा मर्मत सम्बन्धी सम्पूर्ण कार्य।

<u>दरखास्त साथ पेश गर्नुपर्ने कागजातहरु:</u>

१. फर्म तथा व्यवसाय दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,
२. स्थायी लेखा नं. वा मूल्य अभिवृद्धि कर दर्ता प्रमाणित प्रतिलिपि,
३. आ.व. ०८२/८३ को करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,
४. आवश्यकता अनुसारको व्यावसायिक इजाजतपत्र।

<u>शर्तहरु:</u>

१. मौजुदा सूचीमा दर्ता गर्नका लागि दिइने निवेदनको ढाँचा सार्वजनिक खरिद नियमावली २०६४ नियम १८ को उपनियम १ को अनुसूची २ 'क' बमोजिम हुनेछ।
२. प्राप्त निवेदन स्वीकार गर्ने नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ।
३. यस सूचना बमोजिम दर्ता भएको सूची आ.व. २०८३/०८४ का लागि मात्र मान्य हुनेछ।
४. माथि उल्लेखित प्रत्येक विषयगत कार्यका लागि स्पष्ट रुपमा खुल्ने गरी छुट्टा छुट्टै निवेदन दर्ता गराउनु पर्नेछ।

अच्युत श्रेष्ठ
(कर्जा असुली अधिकृत)